# कालिका नगरपालिकाको विनियोजन ऐन,

# २०८२

**कालिका नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**रेडक्रसग्राम, चितवन**

२०८२

नगरसभामा पेश भएको मितिः २०८२/०३/०४
नगरसभा बाट स्विकृत मितिः २०८२/०३/

# कालिका नगरपालिकाको विनयोजन ऐन, २०८२

<u>प्रस्तावना</u> : कालिका नगरपालिका, चितवनको सेवा तथा कार्यहरु सञ्चालनका लागि संचित कोषबाट केही रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कालिका नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कालिका नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन सम्वत् २०८२ साउन १ गते देखि प्रारम्भ भई आर्थिक वर्ष २०८२/०८३ को अवधिसम्म लागु हुनेछ ।

**२. आर्थिक बर्ष २०८२/०८३ को निमित्त संचित कोषबाट खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष २०८२/०८३ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **९५,०७,२०,०००/- ( पन्चानब्बे करोड सात लाख बीस हजार मात्र )** मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक बर्ष २०८२/०८३ को निमित्त कालिका नगरपालिका, चितवनको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने शीर्षकबाट अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक

वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा बढी शीर्षकहरुमा सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघ, प्रदेश, तथा अन्य निकाय बाट संचित कोषमा अनुदान रकम दाखिला भएमा थप बजेट कायम गरी कार्यपालिकाको स्विकृतीमा खर्च गर्न सकिनेछ।

## कालिका नगरपालिका

### आ ब २०८२/८३ को अनुमानित आय ब्यय

| आय तर्फ | | | ब्यय तर्फ | | |
|---|---|---|---|---|---|
| क्र.स. | विवरण | अनुमानित रु. | क्र.स. | विवरण | अनुमानित रु. |
| १ | **संघिय सरकार** | | १ | प्रसाशनिक खर्च चालु तथा पुँजिगत खर्च | १५००००००० |
| | क. समानिकरण अनुदान | १३८५०००००० | २ | सशर्त कार्यक्रम संघ सरकार | २५५८००००० |
| | ख. सशर्त अनुदान | २५५८०००००० | ३ | समपुरक अनुदान कार्यक्रम संघ | १८२५०००० |
| | ग.विषेश अनुदान | २८५०००००० | ४ | विषेश अनुदान कार्यक्रम संघ | २८५०००००० |
| | ङ. समपुरक अनुदान | ७३०००००० | ५ | सशर्त कार्यक्रम प्रदेश सरकार | २५५२५००० |
| २ | **प्रदेश सरकार** | | ६ | समपुरक अनुदान कार्यक्रम प्रदेश | ५८०००००० |
| | क. समानिकरण अनुदान | १४०१६००० | ७ | विषेश अनुदान कार्यक्रम प्रदेश | ६५०००००० |
| | ख. सशर्त अनुदान | २५५२५००० | ८ | क्रमागत योजना तथा कार्यक्रम | ९७५०००००० |
| | ग.विषेश अनुदान | ६५०००००० | ९ | जनसहभागीता फिर्ता | १५०००००० |
| | घ. समपुरक अनुदान | २३२०००००० | १० | सामाजिक विकास शिक्षा | २९९०००००० |
| ३ | **राजस्व बाँडफाड** | | ११ | सामाजिक विकास स्वास्थ्य | २६५०००००० |
| | मुअकर (संघ) | ९०८९६००० | १२ | सामाजिक विकास महिला विकास | ९९०००००० |
| | अन्त शुल्क (संघ) | ३०२९८००० | १३ | लेखा समिति र राजस्व | २५०००००० |
| | मालपोत (प्रदेश) | ५०००००००० | १४ | आर्थिक विकास कृषि | ११००००००० |
| | सवारीसाधन (प्रदेश) | ५७६८५००० | १५ | आर्थिक विकास पशु सेवा | ११५०००००० |
| | खोला जन्य (स्थानीय) | २०००००००० | १६ | आर्थिक विकास अन्य | ५०००००००० |
| | बन रोयल्टी (संघ) | ३०००००० | १७ | विपद व्यवस्थापन | १०००००००० |
| | खानी रोयल्टी (संघ) | ५००००० | १८ | सुशासन तथा क्षमता विकास | ९९०००००० |
| ४ | **आन्तरिक आय** | ७०००००००० | १९ | पूर्वाधार विकास | ८९४४५००० |
| ५ | **सडक बोर्ड** | ४०००००० | २० | वडा कार्यालय ११ वटा | ९००००००० |
| ६ | **जनसहभागीता** | १५०००००० | | | |
| ७ | **नगद मौजाद (अ ल्या)** | ११०००००००० | | | |
| | **कुल जम्मा** | ९५०७२०००० | | **कुल जम्मा** | ९५०७२०००० |